# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

खण्डः६ संख्याः १

नगरकार्यपालिकाबाट स्वीकृत मितिः२०८०/०७/०२

स्थानीय राजपत्रमा प्रकाशित मितिः२०८०/०८/०५

### भाग २

### सहकार्यमा साईलेज उद्योग संचालन निर्देशिका, २०८०

**प्रस्तावना**

देवचुली नगरपालिकाको साईलेज उद्योग संचालनका लागि प्रतिस्पर्धाको माध्यमबाट सहकारी वा निजी क्षेत्रका साझेदार छनौट गरी दिगो रुपमा संचालन हुने ब्यवस्था गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम देवचुली नगरपालिकाले यो निर्देशिका जारी गरेको छ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद १

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो निर्देशिकाको नाम "सहकार्यमा साईलेज उद्योग संचालन निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका देवचुली नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "उद्योग" भन्नाले नगरपालिका मातहतमा रहेको साईलेज उद्योग सम्झनु पर्दछ।

(ख) "कृषक" भन्नाले पशुपालन तथा खेतीपातीमा संलग्न किसानलाई सम्झनु पर्दछ।

(ग) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहना भएका १० देखि २५ जना कृषकहरु भई निर्माण गरिएको समूहलाई सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "निजी फर्म" भन्नाले देवचुली नगरपालिकामा दर्ता भएका कृषि तथा पशुपालन फर्म सम्झनु पर्दछ।

देवचुली नगरपालिका राजपत्र

(च) "मूल्याकन समिति" भन्नाले यस कार्यविधिको दफा ७ अनुसारको समिति सम्झनु पर्दछ ।

(छ) "लागत सहभागिता" भन्नाले निश्चित प्रतिशत रकम सहकार्य गर्ने फर्म वा कृषक समूह वा सहकारीले ब्यहोर्ने भनि सम्झनु पदर्छ।

(ज) "शाखा" भन्नाले देवचुली नगरपालिका, पशु सेवा शाखा सम्झनु पर्दछ।

(झ) "संस्था" भन्नाले सहकार्यमा उद्योग संचालन गर्ने संस्था सम्झनु पर्दछ।

(ञ) "समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा ९ को खण्ड (क) अनुसारको समिति सम्झनु पर्दछ ।

(ट) "सहकारी" भन्नाले प्रचलित कानून अनुसार दर्ता भएका कृषि सहकारी वा दुग्ध बिकास सहकारी संस्था सम्झनु पर्नेछ ।

(ठ) "साइलेज" भन्नाले मकै, टियोसेन्टी लगायतका हरियो घाँसहरुलाई उपयुक्त अवस्थामा काटी स-सानो टुक्रा बनाई साईलेज बेलर मेशिनको मद्दतले प्लाष्टिकले बेरेर हावा नछिर्ने गरी कम्तीमा १ महिनासम्म राखी तयार गरिएको पशु आहार सम्झनु पर्दछ ।

देवचुली नगरपालिका राजपत्र

३. **<u>उद्देश्य</u>** : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन :-

(क) उद्योगलाई कृषक समूह वा सहकारी वा निजी संस्थासँगको सहकार्यमा दिगो रुपमा संचालन गर्नु,

(ख) उत्पादित साईलेज देवचुली नगरपालिका क्षेत्रका कृषकहरुलाई सुपथ मुल्यमा बितरण गर्नु र नगरपालिका क्षेत्र भित्र खपत नभएको साईलेज प्रतिस्पर्धी मूल्यमा विक्री गर्नु,

(ग) कृषकहरुलाई साईलेज उत्पादनको लागि मकै र टियोसेन्टी लगायतका हरियो घाँस उत्पादनमा प्रोत्साहन गर्नु,

**परिच्छेद २**

**<u>उद्योग संचालन सम्वन्धी ब्यवस्था</u>**

४. **<u>संचालनको अवधि</u>** : (१) सहकार्यमा उद्योग संचालनमा छनौट हुने साझेदार संस्थाले द्विपक्षीय बर्षसम्म ५ सम्झौता पश्चात कम्तीमा साईलेज उद्योग संचालन गर्नु पर्नेछ ।

(२) उद्योग संचालनमा छनौट भएको संस्थालाई उद्योग संचालन गर्न करारमा दिदा काको निर्णय नगर कार्यपालि अनुसार एक बर्षको लागि दिईनेछ ।

(३) साझेदार संस्थाको एक बर्षको काम कारवाही सन्तोषजनक भएको खण्डमा नगरकार्यपालिकाले आवश्यकता



देवचुली नगरपालिका राजपत्र

अनुसार म्याद थप गर्न सक्नेछ । तर यसरी म्याद थप गर्दा एक पटकमा १ बर्षमा नबढने गरी बढीमा चार पटकसम्म म्याद थप गर्न सकिनेछ ।

५. **कार्यक्रमको कार्यान्वयन** :

(१) नगरपालिकाले कृषक समूह वा सहकारी वा निजी फर्महरुलाई लक्षित गरी ३० दिनको सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्नेछ । यसरी प्रकाशन गर्ने सूचना अनुसूची-१ को ढाँचा अनुसारको हुनेछ ।

(२) ईच्छुक कृषक समूह वा सहकारी वा निजी फर्मले तोकिएका कागजातहरु संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसूची २ बमोजिमको ढाँचाको निवेदन संलग्न गरी नगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) मुल्याङ्कन समितिले स्थलगत अनुगमन गरी अनुसूची ४ बमोजिम प्रस्ताव मुल्याङ्कन गर्नु पर्नेछ ।

(४) सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्थालाई मूल्याङ्कन समितिले छनौटका लागि सिफारिस गर्नु पर्नेछ ।

(५) छनौट भएको संस्थासँग अनुसूची ५ को ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(६) संस्थाले समन्वय समितिको सामान्य निर्देशन र नियन्त्रणमा रही उद्योग संचालन गर्नु पर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

(७) संस्थाले सम्झौता अवधिभर साईलेज उत्पादन तथा भण्डारण कार्यको लागि प्रयोग हुने उद्योगका भौतिक संरचना तथा मेशिनरी औजार र उपकरणहरु नि:शुल्क उपभोग गर्न पाउनेछ ।

(८) संस्थाले सम्झौता अवधिभर उद्योगका भौतिक संरचना तथा सम्पूर्ण मेशिनरी औजार तथा उपकरणहरुको नियमित तथा आकस्मिक मर्मत सम्भार गर्नु पर्नेछ।

(९) उद्योगमा थप भौतिक संरचना निर्माण आवश्यक भएमा सो काम नगरपालिकाले गर्नेछ ।

(१०) संस्थाले सन्तोषजनक रुपमा उद्योग संचालन गर्न नसकेमा एक महिना अगाडि सूचना दिई नगरपालिकाले सम्झौता भङ्ग गर्न सक्नेछ ।

६. **संस्था छनौट गर्ने आधार** :

(१) नगरपालिकाको साईलेज उद्योग संचालनमा सहकार्य गर्न देवचुली नगरपालिकाका सहकारी वा कृषक समूह वा निजी फर्महरु योग्य हुनेछन ।तर दोस्रो पटक सूचना प्रकाशन गर्नु पर्ने भएमा नगरपालिकाका सहकारी वा कृषक समूह वा निजी फर्महरुका साथै नगरपालिका भन्दा बाहिरका सहकारी वा कृषक समूह वा निजी फर्महरु पनि योग्य हुनेछन ।

(२) उद्योग संचालनका लागि संस्थासँग सम्वन्धित कामको अनुभव, पर्याप्त पूँजीको ब्यवस्था र जनशक्तिको उपलब्धता हुनु पर्नेछ ।

(३) छनौटका अन्य आधारहरु अनुसुचि ५ बमोजिम हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

७. **<u>मूल्यांकन समिति</u>** : (१) दफा ५ को उपदफा बमोजिम प्राप्त (२) प्रस्तावहरुको स्थलगत अनुगमन गरी मुल्यांकन गर्न देहाय अनुसारको मूल्यांकन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | आर्थिक बिकास समिति संयोजक | संयोजक |
| (ख) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) | कृषि बिकास शाखा प्रमुख | सदस्य |
| (घ) | पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

८. **<u>मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार</u>** : मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहकार्यमा साईलेज उद्योग संचालनको सूचना प्रकाशन गर्ने।

(ख) पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्ने ।यसरी मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले प्रस्तावक संस्थाको स्थलगत अनुगमन गरी आर्थिक तथा प्राविधिक पक्ष खुल्ने गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।

(ग) सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्थालाई छनौटका लागि सिफारिस गर्ने।

## परिच्छेद ३
## <u>सेवा संचालन सम्वन्धी</u>

९. **सेवा संचालन प्रक्रिया** :

(१) उद्योग संचालनको लागि देहाय बमोजिमको समन्वय समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |

(ख) आर्थिक विकास समिति सयोजक सदस्य

(ग) कार्यपालिकाका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एकजना कार्यपालिका सदस्य सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(ङ) कृषि बिकास शाखा प्रमुख सदस्य

(च) सहकार्य गर्ने संस्थाको आधिकारिक प्रतिनिधि सदस्य

(छ) पशु सेवा शाखा प्रमुख सदस्य सचिव

(२) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) उद्योग सुचारु रुपमा संचालन गर्न आवश्यक वातावरण निर्माण गर्ने,

(ख) उद्योगमा साईलेज उत्पादन गर्न लाग्ने सम्पूर्ण खर्चको लेखाजोखा गरी कृषकहरुबाट खरिद गरिने मकै, टियोसेन्टी, नेपियर लगायतका घाँसको खरिद मुल्य तथा उत्पादित साईलेजको बिक्री मुल्य तय गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ग) साईलेज उद्योग संचालनका क्रममा आईपर्ने समस्याहरुको समाधान गर्न सहजीकरण गर्ने,

(३) समन्वय समितिको बैठकः

(क) समितिको बैठक अध्यक्षले आवश्यकता अनुसार बोलाउन सक्नेछ । तर त्यस्तो बैठक घटीमा तिन महिनाको एकपटक बस्नु पर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

(ख) सदस्य सचिवले अध्यक्षको स्वीकृति लिई बैठकको कार्यसूचि सहित बैठक हुने मिति, स्थान र समयको सूचना सामान्यतया बैठक हुनुभन्दा २४ घण्टा अगावै प्रत्येक सदस्यलाई दिनु पर्नेछ ।

(ग) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

(४) समन्वय समितिले आवश्यकता अनुसार बिभिन्न उपसिमितहरु गठन गर्न सक्नेछ। उपसमितिको काम कर्तव्य र अधिकार समन्वय समितिले तोके बमोजिम हुनेछ ।

१०. **भूमिका** : सहकार्यमा उद्योग संचालनमा संलग्न हुने निकायहरुको भूमिका देहाय बमोजिम हुनेछ :-

(१) संस्थाको भूमिका:

(क) नगरपालिकासँग भएको सम्झौता बमोजिम उद्योग संचालन गर्ने।

(ख) नगरपालिकाका कृषकहरुलाई साईलेजको लागि मकै खेती गर्न प्रोत्साहन गर्ने।

(ग) शाखासँग सम्झौता गरी कृषकहरुले उत्पादन गरेको मकै, टियोसेन्टी, नेपियर लगायतका घाँसको उचित समयमा उचित मुल्यमा खरिद गर्ने ग्यारेन्टी गर्ने।

(घ) उत्पादित साईलेजको बजार सुनिश्चित गर्ने।

(ङ) उद्योगमा आवश्यक कर्मचारी तथा कामदारहरुको प्रवन्ध गर्ने।

(च) साईलेज उद्योगको आर्थिक कारोवारको हिसावकिताव (श्रेस्ता) दुरुस्त राख्ने।

(२) नगरपालिकाको भूमिका:

(क) छनौट भएको संस्थासँग सम्झौता गर्ने।

(ख) संस्थाको क्रियाकलाप सन्तोषजनक देखिएमा दफा ४ को खण्ड (३) बमोजिम म्याद थप गर्ने।

(ग) उद्योगको नयाँ भौतिक संरचना निर्माण तथा आवश्यक मेशिनरी उपकरण खरिद गर्ने।

(घ) उद्योग सुचारु रुपमा संचालन हुने वातावरण तयार गर्ने।

(ङ) मकै टियोसेन्टी नेपियर लगायतका साईलेज उत्पादनमा प्रयोग हुने घाँस खेतिमा कृषकहरुलाई प्रोत्साहन गर्न विविध कार्यक्रमहरु संचालन गर्ने।

(च) उत्पादित साईलेज खपत गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने।

(छ) उद्योगको आर्थिक कारोवारको बार्षिक लेखापरिक्षण गर्ने, गराउने।

(ज) उद्योगको नियमित रुपमा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।

(३) शाखाको भूमिका:

(क) उद्योगको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने।

(ख) उद्योगका आम्दानी र खर्चका बीलहरु प्रमाणित गर्ने।

देवचुली नगरपालिका राजपत्र

(ग) मकै, टियोसेन्टी, नेपियर लगायतका साईलेज उत्पादनमा प्रयोग हुने घाँस खेतिमा कृषकहरुलाई प्रोत्साहन गर्न घाँसका बीउ तथा बेर्नाहरु निशुल्क वा तोकिएको निश्चित प्रतिशत अनुदानमा बितरण गर्ने।

(घ) उत्पादित साईलेजको खपत गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने।

## परिच्छेद ४
## बिविध

११. **लेखा सम्वन्धी ब्यवस्था** :

(१) संस्थाले उद्योगको आर्थिक कारोवारको हिसावकिताव (श्रेस्ता) राख्नु पर्नेछ ।

(२) नगरपालिकाले तोकेको ब्यक्तिले लेखापरिक्षण गर्नेछ ।

(३) उद्योगको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक निर्देशिका तथा बित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक निर्देशिका तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम हुनेछ ।

१२. **उद्योगबाट हुने मुनाफाको बाँडफाँड** : उद्योगको संचालनबाट प्राप्त हुने मुनाफा संस्था र नगरपालिकाबीच ५०प्रतिशत बाँडफाँड गर्नुपर्नेछ । ५०/

१३. **अनुगमन, मूल्यांकन सम्वन्धी ब्यवस्था** : उद्योग संचालनको समग्र पक्षको अनुगमन तथा मूल्यांकन समन्वय समितिले गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

१४. **<u>थपघट वा हेरफेर</u>** :

(१) यो निर्देशिकाको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिकामा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

(२) निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यसको ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

देवचुली नगरपालिका राजपत्र

## अनुसूची १

**प्रस्ताव आव्हानको ढाँचा**

देवचुली नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः...............

सहकार्यमा साईलेज उद्योग संचालन निर्देशिका, २०८० बमोजिम सहकार्यमा साईलेज उद्योग संचालन गर्न ईच्छुक समूह वा सहकारी वा निजी फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र देहायका कागजातहरु सहित कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ।

**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु**

१. अनुसूची २ बमोजिमको ढाँचामा निवेदन

२. अनुसूची ४ बमोजिमको विस्तृत कार्ययोजना

३. प्रचलित कानुन अनुसार संस्था दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

४. स्थायी लेखा नम्बर भ्याट/दर्ताको प्रमाणपत्रको प्रतिलिपी

५. संस्थाको अघिल्लो आको लेखापरीक्षण प्रतिवेदन .ब.

६. करचुक्ता प्रमाणपत्र

७. कम्तिमा ५ बर्ष सम्म उद्योग संचालन गर्ने प्रतिवद्धता पत्र



देवचुली नगरपालिका राजपत्र

## अनुसूची २

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

देवचुली नगरपालिका

विषयः प्रस्ताव पेश गरेको बारे ।

महोदय,

उपरोक्त विषयमा तँहा कार्यालयको मिति ................. गते प्रकाशित सूचना अनुसार म/हामी निवेदकले सहकार्यमा साईलेज उद्योग संचालन निर्देशिका, २०८० बमोजिम सहकार्यमा साईलेज उद्योग संचालन गर्न ईच्छुक भई तोकिएका कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छु/ छौं।

निवेदकः-

दस्तखत

कृषक/सहकारी/समूह/फर्मको नाम

ठेगाना

सम्पर्क नं.

देवचुली नगरपालिका राजपत्र

# अनुसूची ३

## उद्योग संचालनको ब्यवसायिक कार्ययोजना

समूह/सहकारी/फर्मको नामः

ठेगाना:

संस्थाको परिचयः

उद्देश्यहरुः

ब्यवसायको परिचय

ब्यवसायको रणनीति

उद्योग संचालनको बिस्तृत कार्ययोजना : पाँच वर्ष अवधिको पेश गर्नु पर्ने ।

| क्र.सं. | संचालन गर्ने क्रियाकलाप | समय सिमा | लागत | लागत ब्यहोर्ने आधार | अपेक्षित जिम्मेवारी | नतिजा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

<u>सहि गर्नेको:</u>

नामः

संस्थाको

छापः

पदः

दस्तखतः

मितिः

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ४

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

समूह/सहकारी/फर्मको नामः

ठेगानाः

मुल्याङ्कनको आधारहरु

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | संस्था संचालनको अनुभव | १० | | |
| | ३ वर्ष भन्दा कम | ५ | | |
| | ३ देखि ५ वर्ष | ८ | | |
| | ५ वर्ष भन्दा माथी | १<br>० | | |
| २ | कार्ययोजना | ३० | | |
| | तोकिएको ढाँचा अनुसार भएको तर उद्देश्य लक्ष्य तथा कार्यनिति उल्लेख नभएको | १0 | | |
| | तोकिएको ढाँचा सहित उद्देश्य, लक्ष्य तथा कार्यनीति अस्पष्ट भएको | 20 | | |
| | तोकिएको ढाँचा सहित उद्देश्य, लक्ष्य तथा कार्यनीति स्पष्ट भएको | 30 | | |
| ३ | संस्थामा आवद्ध कृषक संख्या | १० | | |
| ४ | संस्थासँग उपलब्ध जनशक्ति तथा मेशिनरी औजार | १० | | |
| ५ | संस्थाले सिर्जना गरेको रोजगारी संख्या | ५ | | |
| ६ | संस्थाको बिगत ५ बर्षको बित्तीय अवस्थाको बिश्लेषण | २५ | | |
| | न्यून लगानी गर्न सक्ने | 5 | | |
| | मध्यम लगानी गर्न सक्ने | 15 | | |
| | पर्याप्त लगानी सहित सहकार्य गर्न सक्ने | 25 | | |
| ७ | सम्वन्धित कार्यको तालिम | १० | | |

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ५

## सम्झौता पत्रको ढाँचा

नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र सहकार्य गर्ने संस्था (यसपछि दोश्रो पक्ष भनिने) विच सहकार्यमा साईलेज उद्योग संचालन संचालन गर्न तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई उद्योग संचालनका लागि आवश्यक भौतिक पूर्वाधार तथा मेशिनरी सामानहरु उपलब्ध गराउनेछ।

३. साईलेज उद्योग संचालनका लागि हुने अन्य खर्चहरु दोस्रो पक्षले ब्यहोर्नेछ।

४. दोस्रो पक्षले समन्वय समितिको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही उद्योग संचालन गर्नुपर्नेछ।

५. कृषकहरुबाट खरिद गरिने मकैको मूल्य निर्धारण तथा बिक्री गरिने साईलेजको बिक्री मूल्य समन्वय समितिले निर्धारण गरे बमोजिम हुनेछ।

६. दोस्रो पक्षले कम्तिमा ५ बर्ष सम्म उद्योग संचालन गर्नुपर्नेछ। उद्योग संचालन सम्झौता १ बर्षको लागि हुनेछ र प्रत्येक बर्ष नयाँ सम्झौता गर्नुपर्नेछ।

७. प्रथम पक्षलाई दोस्रो पक्षको काम कारवाही सन्तोषजनक नलागेका बिचमै सम्झौता भङ्ग गर्न सक्नेछ ।

देवचुली नगरपालिका राजपत्र

८. दोस्रो पक्षले उद्योगका आम्दानी र खर्चका बीलहरु शाखा प्रमुखबाट प्रमाणित गराउनुपर्नेछ।

९. दोस्रो पक्षले प्रत्येक बर्ष साईलेज उद्योगको हिसावकिताव (श्रेस्ता) राख्ने र नगरपालिकाले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ।

१०.उद्योगबाट भएको मुनाफालाई प्रथम पक्ष र दोस्रो पक्ष बीच ५० ५०/ प्रतिशत हुने गरी बाँडफाँड गरिनेछ।

११. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ।

१२. उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरिदियौंलियौं।/

दोश्रो पक्षको तर्फबाट
दस्तखतः
नाम, थरः
ठेगानाः
संस्थाको नाम र छापः

प्रथम पक्षको तर्फबाट
दस्तखतः
नाम,थरः
पदः
कार्यालयः
छापः

इति सम्बत........... साल .................... महिना ....................गते रोज ...... शुभम् ।

आज्ञाले
मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र